# कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।१०।२३

**प्रस्तावना:-** मानव र पशुमा लाग्ने प्राणघातक जुनोटिक रोग 'रेबिज'ले कृषकलाई वर्षेनी आर्थिक क्षति पुऱ्याइरहेको अवस्थामा कुकुरको बन्ध्याकरण र खोपमार्फत रेबिज तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य र पशुधन संरक्षण गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८२" हुनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८२ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "शाखा" भन्नाले सूर्योदय नगरपालिकाको पशुपंक्षी विकास शाखालाई सम्झनु पर्दछ।

(च) "वडा कार्यालय" भन्नाले सूर्योदय नगरपालिकाको १४ वटै वडा कार्यालयहरू सम्झनु पर्दछ।

(छ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, इलामलाई सम्झनुपर्दछ।

(ज) "कार्यक्रम" भन्नाले कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रणका लागि गरिने सबै किसिमका कार्यहरू सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधि जारी गर्नाको उदेश्यहरू देहायबमोजिम हुनेछन्:-

(क) शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(ख) कुकुर बन्ध्याकरण तथा रेबिज रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने।

(ग) रेबिज रोगबारे जनचेतनामूलक सामग्री तयार गरी प्रचार-प्रसार गर्ने।

(घ) सङ्क्रमित जनावरको टोकाइको कारण रेबिज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने।

**४. कार्यक्रम सञ्चालन प्रक्रिया:-** (१) कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पशु कल्याणमा संलग्न संघ/संस्था वा भेटेरिनरी क्लिनिकसँगको सहकार्यमा शाखाबाट तोकिएको स्थानमा कुकुर/बिरालोको संख्या निर्धारण गरी सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पनि संस्थाहरूको प्रस्ताव नआएमा वा आएका प्रस्तावहरू प्राविधिक दृष्टिकोणले उपयुक्त ठहर नभएको अवस्थामा शाखाले विज्ञ केन्द्रसँग समन्वय तथा सहकार्य गरी कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) कार्यक्रम अन्तर्गत सामुदायिक तथा घरपालुवा भाले/पोथी कुकुरहरूको बन्ध्याकरण गरिनेछ।

**५. रेबिज खोपसम्बन्धी व्यवस्था:-** (१) घरपालुवा कुकुर र बिरालोहरूलाई वर्षमा एक पटक रेबिज खोप लगाइनेछ।

(२) रेबिज खोप सेवा सञ्चालनको लागि रेबिज खोप तथा त्यसका लागि चाहिने आवश्यक लजेस्टिकहरु प्रचलित कानुनबमोजिम शाखाले खरिद गर्नेछ।

(३) शाखाले वडा कार्यालयहरू समन्वय गरी सबै वडामा रेबिज खोप कार्यक्रम सञ्चालन गर्नेछ।

(४) रेबिज खोप शिविर सञ्चालन गर्दा सरकारी तथा निजी प्राविधिक र खोपकर्ताहरुलाई आवश्यकतानुसार शाखाले परिचालन गर्नेछ।

(५) शाखाबाट तोकिएको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कार्यक्रमहरू सञ्चालन हुनेछ।

(६) शाखाले रेबिज रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचना मूलक सामग्री तयार तथा वितरण गर्न सक्नेछ।

(७) सम्पन्न कार्यको प्रगति विवरण शाखाले तयार गरी कार्यालयमा पेस गर्नेछ।

**६. खर्च तथा पारिश्रमिक सम्बन्धी व्यवस्था:** (१) कार्यक्रम सञ्चालनका लागि देहायबमोजिम खर्च गर्न सकिनेछ:

(क) भाले तथा पोथी कुकुर/बिरालो बन्ध्याकरण गरे बापत प्रति कुकुर/बिरालो रु ३,०००।०० (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) मा नबढ्ने गरी खर्च गर्न सकिनेछ, जस अन्तर्गत बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, उपकरण, सर्जिकल सेवा, आहारा व्यवस्थापन, सम्बन्धित स्थानबाट ल्याउने, पुऱ्याउने, प्रचार प्रसार र अन्य सम्पूर्ण व्यवस्थापन सम्बन्धी कार्यहरू रहेछन्।

(ख)रेबिज खोप लगाए बापत प्रति कुकुर/बिरालो रु १००।०० (अक्षरेपि एक सय रुपैयाँ मात्र) उपलब्ध गराइनेछ।

**७. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन:-** (१) कार्यक्रमको अनुगमन र मूल्याङ्कन सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समिति र शाखाले संयुक्त रूपमा गर्नेछ।

(२) कार्यक्रम सम्पन्न भइसकेपछि प्रमाणित कागजातहरूका साथ कार्यक्रमको समग्र प्रतिवेदन कार्यक्रम सञ्चालक संस्था/प्राविधिकले शाखालाई पेस गर्नुपर्नेछ। शाखाले प्रतिवेदन प्राप्ति पश्चात् कार्यालयलाई नियमानुसार भुक्तानीका लागि सिफारिस गर्नेछ।

**८. बाधा अड्काउ फुकाउने:-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ।

**९. संशोधन:-** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ।